# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाणगङ्गा, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३
चलानी नं.:

मिति: २०८३।०१।२१

**सहकारीसँग लागत साझेदारीमा आयआर्जन र प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न सहकारी संस्थाहरुको लागि प्रस्तावना पेश गर्न पुन: म्याद थप सम्बन्धी सूचना।**

**सूचना प्रकाशन मिति २०८३।०१।२१**

प्रस्तुत विषयमा बाणगङ्गा नगरपालिका सहकारी शाखाको चालु आ. व. २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गरी प्रस्तावना छनोट गर्नुपर्ने भएकाले तोकिएको समयभित्र पर्याप्त मात्रामा आवेदन पर्न नआएकाले पुन: दोस्रो पटक प्रस्ताव आव्हानको लागि ७ दिने सूचना प्रकाशन गरेको र प्राप्त प्रस्तावहरुलाई अध्ययन गर्दा कुनै पनि सहकारी संस्थाबाट आयआर्जन र प्रबर्द्धन गर्ने कार्यक्रमहरुको उद्देश्यसँग मेल खाने गरी प्रस्ताव पेश हुन नआएको अवस्था देखिएकाले मिति २०८३।०१।२० गतेको निर्णयानुसार दुवै कार्यक्रमको प्रस्तावहरु रद्द गरी देहायको सर्तमा प्रस्ताव पेश गर्ने गरी पुन: ७ दिनको म्याद दिई मिति २०८३।०१।२७ गते सम्म कार्यालय समयभित्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल:**

| क्र. स. | कार्यक्रम | विनियोजन बजेट | लागत सहभागिताको सिमा | आयआर्जन/प्रबर्द्धन कार्यक्रमका लागि आवश्यक सर्तहरु |
|---|---|---|---|---|
| १. | सहकारीसँग लागत सहभागितामा आयआर्जन कार्यक्रम | ७००,०००/- | बाणगङ्गा नगरपालिकाको ७० प्रतिशत र सहकारी संस्थाको कम्तीमा ३० प्रतिशत लागत साझेदारी रहने। | १. संस्थाको नियमानुसार तोकिएका प्रकृया पुरा भएको र प्रस्तावित कार्यक्रमको उद्देश्यसँग मेल खाएको हुनुपर्ने।<br>२. बहुउद्देशीय तथा कृषि सहकारीलाई प्राथमिकता दिईने।<br>३. कार्यक्रम सन्चालन गर्दा पूँजीगत खर्चमा कम्तिमा ७०% खर्च गर्ने गरी प्रस्ताव पेश गर्नुपर्ने।<br>४. आयआर्जन र प्रर्वद्धन हुने कार्यक्रमहरुको स्पष्ट रुपमा व्यवसायिक कार्ययोजना प्रस्तुत गर्नुपर्ने। |
| २. | सहकारीसँग आयआर्जनमा साझेदारी प्रवर्द्धन कार्यक्रम | ५००,०००/- | बाणगङ्गा नगरपालिकाको ७० प्रतिशत र सहकारी संस्थाको कम्तीमा ३० प्रतिशत लागत साझेदारी रहने। | |

**प्रस्तावना साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

(क) संस्था दर्ता प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन, करचुक्ता प्रमाणपत्र, संस्थाको विनियम सबैको एक/एक प्रतिलिपि,
(ख) कार्यक्रमको प्रस्तावना (स्पष्ट व्यवसायिक ढाँचा, कार्यक्रमको प्रकृति, प्रतिफल, नवप्रवर्द्धन, सदस्यको सहभागिता खुलाउने),
(ग) साधारण सभा वा सञ्चालक समितिबाट कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको निर्णयको प्रतिलिपि।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत